

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस ११ गते बिहीबार ❑ 26 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## बेलुन महोत्सवले पोखराको पर्यटनमा थपियो रौनकता

**पोखरापत्र संवाददाता**
पोखरा १० पुस

पर्यटकीय राजधानी पोखरामा सुरु भएको मुलुककै पहिलो अन्तर्राष्ट्रिय बेलुन महोत्सवले पोखराको पर्यटनमा थप रौनकता ल्याएको छ । अङ्ग्रेजी नयाँ वर्ष २०२५ र क्रिसमसलाई लक्षित गरी फेवाताल किनारमा सुरु भएको यो महात्सवले पोखरामा चहलपहल थपिएको हो ।

बेलुन नेपाल प्रालिको आयोजनामा फेवाताल किनारको फेवा फाँटमा यही पुस ९ गतेदेखि सुरु भएको महोत्सव नौ दिनसम्म चल्नेछ । पोखरालाई साहसिक खेलकुदका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ महोत्सव आयोजना गरिएको बेलुन नेपालका अध्यक्ष विक्रम बाडेले बताउनुभयो । "हाम्रो मुख्य उद्देश्य साहसिक गतिविधिबाट अन्तर्राष्ट्रिय जगतमा पोखरालाई चिनाउने हो, मङ्गलबारदेखि सुरु भएको महोत्सवमा आन्तरिक र बाह्य पर्यटकको सहभागिताले हामीलाई उत्साहित बनाएको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार महोत्सवको विशेष आकर्षणका रुपमा सूर्योदय र सूर्यास्त बेलुन उडान, पोखराको फेवाताल, अन्नपूर्ण हिमाल र वरिपरिका गाउँको सुन्दर दृश्यालोकन, नाइट बेलुन ग्लो, बेलुनहरू रातमा झिलीमिली गर्दै, आगो खेल, क्रिसमस इभ, काठमाडौँको कुमारी नृत्य र बज्रयोगिनीलगायत छन् ।



पोखरा पर्यटन विकास समिति पोखरा महानगरपालिकाका उपाध्यक्ष रवीन्द्रराज पौडेलले बेलुन महोत्सव पोखराको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण कोसेढुङ्गा सावित हुने बताउनुभयो । उहाँले पोखरा महानगरले पोखरा भ्रमण वर्ष २०२५ घोषणा गरिसकेकाले यो महोत्सवले पोखराको पर्यटन प्रवर्द्धनमा थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

विविध कारणले सुस्ताइरहेको पर्यटनलाई गतिशील बनाउन बेलुन महोत्सवले सघाउ पुऱ्याउने विश्वास पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीको छ । "पर्यटकीय नगरीलाई थप 'भाइब्रेन्ट' बनाउन पर्यटकीय गतिविधि भइरहनुपर्छ । पछिल्लो समय हट एयर बेलुनजस्ता महोत्सवले यस सहरको चिनारीलाई थप अन्तर्राष्ट्रियकरण गरेको छ ।" महोत्सवको स्थानीय संयोजनको जिम्मा फेवा क्लबले लिएको यस महोत्सवमा 'बिवाइडी' मुख्य प्रायोजक रहेको छ । महोत्सव सफल पार्न पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश सरकारले प्रवर्द्धकका रुपमा सहयोग गरेका छन् । पोखरा पर्यटन परिषद्ले महोत्सवमा सहकार्य गरेको छ । बेलुन प्रालिका प्रबन्ध निर्देशक सविन महर्जनका अनुसार महोत्सवमा १५ देशका बेलुन पाइलट सहभागी छन् । पोखराको आकाशमा एकैपटकमा १७ वटा विभिन्न आकार र डिजाइनका हटएयर बेलुन उड्न सुरु भएसँगै आकाश रङ्गिन बनेको छ । महोत्सवमा नेपालसहित अमेरिका, बेलायत, स्पेन, लिथुआनिया, थाइल्याण्ड, भियतनाम, फ्रान्स, नेदरल्याण्ड, कोरिया, जापान, मलेसिया, इटली, ब्राजिल, अष्ट्रेलियन देशका बेलुनसहित बेलुन पाइलटहरु सहभागी छन् ।

महोत्सवको ब्राण्ड एम्बासडर राजेश हमाल र प्रियङ्का कार्कीकोसमेत महोत्सवमा सहभागिता छ । महोत्सव स्थलसम्म जानआउन लेकसाइड डिहिकोपाटनबाट निःशुल्क सटल बसको व्यवस्था मिलाइएको छ । महोत्सव पामे क्षेत्रको लौरूकदेखि चत्त पुरसम्म तीन किलोमिटर क्षेत्रमा सञ्चालित छ । बिहान ६ देखि ९ बजेसम्म व्यावसायिक उडान हुनेछ भने साँझ विविध कार्यक्रम हुने जनाइएको छ ।

साँझ ४ देखि ६ बजेसम्म विभिन्न देशको प्रतिनिधित्व गर्दै बेलुन पाइलटले हट एयर बेलुन उडान भर्नेछन् । राति ७ दखि ८ बजेसम्म बेलुन नाइट ग्लो तथा साङ्गीतिक कार्यक्रम हुने आयोजकले जनाएको छ । सन् २०१५ मा स्थापना भएको बेलुन नेपालले २०१७ देखि पोखरामा व्यावसायिक बेलुन उडान गर्दै आएको छ ।

## प्रभावकारी कार्ययोजना बनाऔं- इन्चार्ज गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा १० पुस

ने क पा एमाले गण्डकी प्रदेश कमिटी सल्लाहकार परिषदको प्रथम बैठक बुधबार पोखरामा सम्पन्न भएको छ ।



बैठकको पार्टी स्थायी कमिटी सदस्य एबम गण्डकी प्रदेश कमिटिका इन्चार्ज किरण गुरुङले उद्घाटन गर्नुभएको थियो ।गुरुङले आगामी निर्बाचनमा पार्टीलाई बहुमत प्राप्त पार्टी निर्माणमा सल्ल्हाकाराहरूको महत्वपूर्ण भूमिका रहने र त्यसका लागि हर तरहले लागि पर्न आग्रह गर्नुभयो । पार्टी सरकारमा रहेको बेला सकारात्मक उपलब्धीको प्रचार प्रसार सहित पार्टीलाई दिशा निर्देश गर्न आग्रह गर्नुभयो ।

गुरुङले पार्टीका कार्यकारी कमिटीका संरक्षकका रूपमा रहेका सल्ल्हाकारहरूको सृजनात्मक सुझावले पार्टीले कमजोरी हटाउदै नयाँ उचाई निर्माणमा सहयोगी हुने जिकिर गर्नुभयो । नेता कार्यकर्ताको सबलीकरणमा र सरकारका अंगहरूको प्रभावकारितामा समेत सल्लाहकारहरूको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभयो ।

पार्टी विरुद्धका कुनै पनि प्रकारका आक्रमण र अतिवाद परास्त गर्न प्रस्ट योजना सहित कार्य सम्पादनमा उत्रन आग्रह गर्दै इन्चार्ज गुरुङले बास्तबिक परिणाम निस्कने गरी हरेक तहका कार्यकर्ता लाग्नु पर्ने बताउनुभयो । बैठकमा प्रदेश कमिटीका सचिब धनन्जय दवाडी, उपसचिव मन्जु अधिकारी, सल्लाहकार परिषदका अध्यक्ष मोहन रेग्मी सहितले पार्टी नीति ,कार्यक्रम र सल्लाहाकारको भूमिका सन्दर्भमा मन्तब्य ब्यक्त गर्नुभएको थियो । एमाले प्रदेश कमिटीका अध्यक्ष नवराज शर्माको अध्यक्षतामा सम्पन्न बैठकमा सल्लाहकार परिषदका सदस्यहरूलाई सपथ ग्रहण समेत गराइएको थियो ।

## 'ऐतिहासिक परिवर्तनमा कांग्रेस र एमाले एकताबद्ध छन्'

**रासस**
काठमाडौं १० पुस

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले ऐतिहासिक परिवर्तनका साथै मुलुकमा सङ्कट उत्पन्न भएका बेला कांग्रेस र एमाले एकताबद्ध भएर अघि बढेका बताउनुभएको छ ।

नेपाल प्रेस युनियन र प्रेस चौतारी नेपालद्वारा बुधबार यहाँ संयुक्त रूपमा आयोजित नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन कार्यक्रममा वरिष्ठ उपाध्यक्ष पोखरेलले मुलुकमा भएका ऐतिहासिक परिवर्तनमा कांग्रेस र कम्युनिष्ट पार्टी एकढिक्का भएर लागेका इतिहास साक्षी रहेको उल्लेख गर्नुभयो ।

उहाँले कांग्रेस र कम्युनिष्ट मिलेर काम गर्दा ऐतिहासिक जित हासिल भएका उदाहरणहरू रहेका जिकिर गर्नुभयो । "मुलुकमा सङ्कट आउँदा दुवै पक्ष एकताबद्ध भएर मिलेर काम गरेका छन् र ऐतिहासिक जित हासिल गरेका छन् । तर आवश्यकता अनुसमर कतिपय अवस्थामा कांग्रेस र एमाले प्रतिस्पर्धी पनि बनेका छन्", वरिष्ठ उपाध्यक्ष पोखरेलले भन्नुभयो । वरिष्ठ उपाध्यक्ष पोखरेलले कुनै पनि राजनीतिक दलबीच स्वस्थ प्रतिस्पर्धा हुनुपर्नेमा जोड दिँदै कांग्रेस र कम्युनिष्टबीच पनि अस्वस्थ प्रतिस्पर्धा नरहोस् भनेर सावधानी अपनाउने गरिएको धारणा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## नेता रावल एमाले पार्टीबाट निस्काशित

**रासस**
काठमाडौं १० पुस

नेकपा (एमाले)ले पार्टीका नेता भीम रावललाई पार्टीबाट निस्काशन गरेको छ ।

ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा आज सम्पन्न सचिवालय बैठकले पार्टीका केन्द्रीय सल्लाहकार रहनुभएका रावललाई हटाउने निर्णय गरेको एमाले उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनुभयो ।

उहाँले नेता रावलले सल्लाहकारको भूमिका पनि ननिभाएको पार्टीको सङ्गठित सदस्यबाट मुक्त गर्ने निर्णय गरिएको बताउनुभयो । "पार्टीको १०औँ महाधिवेशनमा उहाँलाई उपाध्यक्ष बस्न आग्रह गरियो । उहाँले मान्नु भएन । उपाध्यक्षमा



नबसेपछि अध्यक्षको उम्मेदवार बन्नुभयो । त्यसपछि उहाँ केन्द्रीय सदस्यमा पनि नआएपछि हाम्रो व्यवस्थाअनुसार उहाँ सल्लाहकार रहनुभयो", उपमहासचिव ज्ञवालीले भन्नुभयो, "त्यो सल्लाहकारको भूमिका पनि पूरा गर्नु भएन । र उहाँका अभिव्यक्ति पार्टीलाई बलियो बनाउनुभन्दा निरन्तर कमजोर बनाउने हिसाबले आएका हुनाले उहाँलाई सङ्गठित सदस्यबाट मुक्त गर्ने निर्णय गरिएको छ ।"

यस्तै पार्टीले स्थायी कमिटी सदस्य विन्द्रा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमिल्सेनालाई छ महिनाका लागि जिम्मेवारीबाट मुक्त गर्ने निर्णय गरेको छ ।

उपमहासचिव ज्ञवालीले पाण्डे र तिमिल्सेनाले पार्टीको केन्द्रीय कार्यालय भवन निर्माणका क्रममा गरेको टिप्पणीमा सोधिएको स्पष्टीकरणमा पार्टीको विधिभन्दा बाहिर गएर बोल्नु हुँदैन भनेर गल्ती स्वीकार नगरेकाले जिम्मेवारीबाट मुक्त गरिएको जानकारी दिनुभयो ।

"उहाँहरू दुवैले पार्टीको केन्द्रीय कार्यालय भवन निर्माणका क्रममा गरेको टिप्पणीमा प्रक्रियागत सङ्गत भएन भनेर सोधिएको थियो । स्पष्टीकरणमा उहाँहरूले पार्टीको विधिभन्दा बाहिर गएर बोल्नु हुँदैन भनेर गल्ती महशुस देखिएन", उपमहासचिव ज्ञवालीले भन्नुभयो, "त्यही भएर उहाँहरूलाई पार्टीको निर्देशनमा थप चल्न र जिम्मेवारीबाट छ महिना मुक्त गर्ने निर्णय गरिएको छ ।"

## सबै धर्मलाई सम्मान गर्ने नेपालीको सद्भावयुक्त परम्परा छ: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा १० पुस

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले सबै धर्मलाई सम्मान गर्ने नेपालीको सद्भावयुक्त परम्परा रहेको बताउनुभएको छ ।

इसाई धर्मावलम्बीहरूको महान् पर्व 'क्रिसमस डे'को अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रदेश प्रमुख भट्टले यहाँका विभिन्न चाडपर्व, धार्मिक एवं सांस्कृतिक रितिरिवाजलाई सबैले आदर र सम्मान गर्ने हाम्रो आफ्नै सद्भावयुक्त परम्परा रहेको उल्लेख गर्नुभएको छ ।

'नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधतायुक्त मुलुक हो । यस्ता धार्मिक उत्सव एवं चाडपर्वहरूले विविध सांस्कृतिक पहिचान बोकेका समुदायबीच आपसी सद्भाव, सहिष्णुता र ऐक्यवद्धताको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्ने मैले विश्वास लिएको छु ।' – शुभकामना सन्देशमा उल्लेख छ ।

इसाई धर्मावलम्बीहरूको यस पर्वले सबै नेपालीहरूबीच आपसी एकता, विश्वास र प्रेमको भावनालाई थप गाढा बनाउन प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना पनि उहाँले व्यक्त गर्नुभएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता सुरु हुँदै

पोखरापत्र संवाददाता
पोखरा १० पुस

कास्की जिल्ला टेनिस संघको आयोजनामा बिहीबारदेखि पोखरामा माछापुच्छ्रे २१ औं संस्करणको माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता शुरु हुने भएको छ। आयोजक समितिले बुधबार पोखरामा पत्रकार सम्मेलनको आयोजना गरि प्रतियोगिताको तयारी पुरा भएको जानकारी दिएको छ।

बैंकको मुख्य प्रायोजनमा पोखरा रंगशालाको टेनिस कोर्टमा हुने प्रतियोगितामा मेन्स तथा उमेन्सतर्फ सिंगल्स र डबल्स तथा भेट्रान्सतर्फ ३५, ४५, ५५ र ६५ वर्ष माथी भेट्रान्स उमेर सुमहमा प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक नविन चालिसेले पत्रकार सम्मेलनमा जानकारी दिए।

आयोजक समितिका उपाध्यक्ष समेत रहेका चालिसेका अनुसार प्रतियोगितामा सहभागिताका लागि नेपालका विभिन्न प्रदेश र जिल्लाहरुसहित मित्रराष्ट्र भारत, भुटान, बेलायत, जापान, हङकङलगायतका मुलुकहरुबाट खेलाडीहरु पोखरा आउने




छन्। ओपनतर्फ नेपालका शिर्ष वरियताका १ प्रदिप खड्कासहित जितेन्द्र परियार, कमल भण्डारी, आरभ सम्राट हाडा, नेहालजंग थापा, रोहित सुनुवार, मनोज राणा र महिलातर्फ सुनिरा थापा, सलोनी तामाङलगायतका खेलाडीहरुको सहभागिता रहने प्रतियोगिताका टुर्नामेन्ट डाइरेक्टरकुमारअधिकारीलेपत्रकार सम्मेलनमा जनाए। मेन्स सिंगलमा ३१ खेलाडी, उमन्स सिंगलमा ११ खेलाडी, ३५ वर्षमाथि ३२ खेलाडी, ४५ वर्षमाथि २ ९ खेलाडी, ५५ वर्षमाथि २० जना सहित सय बढि खेलाडीले प्रतियोगितामा प्रतिस्पर्धा गर्ने उनले बताए। पत्रकार सम्मेलनमा बोल्दै कास्की टेनिस संघका अध्यक्ष राजकुमार गुरुङले यो प्रतियोगिताले पोखराको खेल पर्यटनमा पनि महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे। प्रतियोगिता सम्पन्न गर्न २१ लाख भन्दा बढि खर्च हुने कास्की टेनिस संघका कोषाध्यक्ष विष्णु बहादुर थापाले जानकारी दिए। पुरस्कारमा मात्रै करिव ८ लाख खर्च हुने थापाले पत्रकार सम्मेलनमा बताए।

ओपन तर्फ मेन्स तथा उमेन्स सिंगल्स बिजेताले नगद ८० हजार उपबिजेताले ४० हजार सहित ट्रफि तथा सेमिफाइनलिस्टले नगद २० हजार सहित मेडल पुरस्कार प्राप्त गर्ने छन। मेन्स तथा उमेन्स डबल्स तर्फ बिजेताले नगद ३० हजार उपबिजेताले १५ हजार सहित ट्रफि तथा सेमिफाइनलिस्टले नगद १० हजार सहित मेडल पुरस्कार प्राप्त गर्ने छन। ३५ वर्ष माथिको सिंगल्स बिजेताले नगद ६० हजार उपबिजेताले ३० हजार सहित ट्रफि तथा सेमिफाइनलिस्टले नगद १५ हजार सहित मेडल पुरस्कार प्राप्त गर्ने छन। ३५ वर्ष माथिको डबल्स बिजेताले नगद २० हजार उपबिजेताले १० हजार सहित ट्रफि तथा सेमिफाइनलिस्टले नगद १० हजार सहित मेडल पुरस्कार प्राप्त गर्ने छन। ४५ वर्ष माथिको सिंगल्स बिजेताले नगद ४० हजार उपबिजेताले २० हजार सहित ट्रफि तथा सेमिफाइनलिस्टले नगद १० हजार सहित मेडल पुरस्कार प्राप्त गर्ने छन। ४५ वर्ष माथिको डबल्स बिजेताले नगद २० हजार उपबिजेताले १० हजार सहित ट्रफि पुरस्कार प्राप्त गर्ने थापाले बताए। कार्यक्रम सञ्चालन गर्दै समितिका सचिव भिष्मराज पौडेलले प्रतियोगिता आयोजनामा सहयोग गर्ने सहयोगीहरुलाई धन्यवाद ज्ञापन गरे। सो अवसरमा नेपाल टेनिस संघका उपाध्यक्ष विनोद कायस्थले यो प्रतियोगिता नेपालकै टेनिस इतिहाँसमा सबैभन्दा लामो समयसम्म निरन्तर रुपमा आयोजना भएको बताए।

# कास्कीमा काँग्रेसको सय दिने विशेष अभियान तिव्र

पोखरापत्र संवाददाता
पोखरा १० पुस

नेपाली काँग्रेस कास्कीले कास्कीमा पार्टीको एक सय दिने विशेष अभियान तिव्र पारेको छ।

अभियान अन्तर्गत क्षेत्र, पालिका र वडास्तरमा कार्यक्रम तिव्र गतिमा संचालन भैरहेको कास्की काँग्रेसका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो।

हरेक दिन जसो कुनै न कुनै कार्यक्रम भैरहेको छ प्रवक्ता सिग्देलले भन्नुभयो, अभियानलाई व्यवस्थित र प्रभावकारी बनाउन निकै मेहनत गरेका छौं। कास्की क्षेत्र नं १ मा पुस ७, कास्की क्षेत्र नं ३ मा पुस ९ गते क्षेत्रीयस्तरका कार्यक्रम भएका छन्। क्षेत्र नं २ मा कार्यक्रमको मिति पछि तय हुनेछ। पुस १० देखि भने पालिकास्तरमा कार्यक्रम शुरु भएको छ। माछापुच्छ्रे गाउँपालिकामा पुस १० गते, अन्नपूर्ण गाउँपालिकामा पुस १३ गते, मादी गाउँपालिकामा पुस १८ गते र रुपा गाउँपालिकामा पुस २० गतेका लागि कार्यक्रम तय भएको छ। कास्की काँग्रेसले कास्कीका ७२ वटा इकाइमा संयोजक सहित प्रतिनिधि खटाइ सकेको छ। वडामा पुगेका प्रतिनिधिहरुले विभिन्न १० वटा बुँदामा छलफल गरी पार्टीलाई प्रतिवेदन बुझाउनुपर्ने छ। जनतासँग नजिक हुने, समस्या बुझ्ने, समस्या समाधानका लागि पहल गर्ने र पार्टीलाई शशक्त बनाउनका लागि अभियान अत्यन्त प्रभावकारी बनेको नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालको भनाइ छ।

अभियानका लागि केन्द्रीय प्रतिनिधिका रुपमा केन्द्रीय सदस्य गोविन्द भट्टराई कास्की आउनु भएको छ।

# रोटरी क्लवद्धारा पोखरामा निशुल्क पाठेघरको मुखको भिआईए परिक्षण हुने

पोखरापत्र संवाददाता
पोखरा १० पुस

रोटरी क्लव अफ पोखरा न्युरोड र रोटरी क्लब अफ नक्शाल शक्तिको संयुक्त आयोजना तथा गण्डकी मेडिकल कलेजको प्राविधिक सहयोगमा रोटरी बर्ष २०२४/२५ मा महिलाहरुको निशुल्क पाठेघरको मुखको भिआईए परिक्षण हुने भएको छ।

यही पौष १८ गते देखि विभिन्न चरणमा यो वर्ष भरि नै करिब करिव १ हजार ५ सय जना महिलाहरुको निशुल्क पाठेघरको मुखको परिक्षण सेवा प्रदान गर्ने तयारीमा रहेको पोखरामा पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिइएको छ।

रोटरी डिस्ट्रीकले समेत नेपाल भरिनै भिआइए परिक्षण लाई महत्व दिएर अगाडी बढ्ने योजना गरिरहेको अवस्थामा थप टेवा पुर्‍याउने योजनाका साथ तयारीमा जुटेको हो। स्वार्थ भन्दा माथी सेवा भन्ने मूल उद्देश्यका साथ स्थापित रोटरीले महिला तथा शिशु स्वास्थ्य अन्तरगत रहेर यो परिक्षण कार्यलाई यस बर्ष विभिन्न चरणमा कास्की, तनहुँ, स्याङ्गजा, पर्वत, बागलुङ लगायतका गण्डकी प्रदेशका जिल्लाहरुका विभिन्न पालिका र वडाहरुका महिलाहरुमा भिआईए परिक्षण गर्न गईरहेको रोटरी




क्लब अफ पोखरा न्युरोडका अध्यक्ष दीपेन्द्र शर्माले जानकारी दिनुभयो। उहाँले २०१० डिसेम्बर २४ का दिन स्थापित रोटरी क्लव अफ पोखरा न्युरोडको आज जन्मोत्सवको अवसरमा हरेक बर्ष सामाजिक कार्य गर्दै आएको बताउनुहुदै महिलामा पाठेघरको मुखको क्यान्सरको समस्या बढी रहेको कारणले पनि ग्रामीण भेगमा यसको पहुँच पुर्‍याउन यो कार्यक्रम सहयोगी भन्ने बताउनुभयो।

वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. चण्डीका पंडितले २९ बर्ष देखि ६५ बर्ष महिला समुहमा हुने यस समस्याका लागि प्रारम्भिक जाँच गर्नु उपयुक्त हुने बताउनुभयो। समुदायमा यस परिक्षणको बारेमा सचेतना फैलाउनका लागि पनि यो अभियान अगाडि बढाएको उहाँको भनाई थियो। उहाँले यस किसिमका कार्यक्रम जनसमुदायमा पुर्‍याउन रोटरी क्लब एउटा दरिलो माध्यम बन्न सक्ने बताउनुहुदै प्रतिफल पनि सोही अनुसार आउनेमा विश्वस्त रहेको बताउनुभयो।

रोटरी क्लव अफ नक्शाल शक्तिका संस्थापक अध्यक्ष डा. लुना अर्यालले अधिकांश महिलाहरूमा पछिल्लो समय पाठेघरको मुखको भिआइए परिक्षण नगर्दा देखिएको समस्या-क्यान्सरबाट पिडीत भई आन्तिम प्रहरमा पुगेपछि मात्र थाहा पाउने अवस्थाबाट महिलाहरु सजग रहने बातावरण बन्न सकोस् भन्ने मूल उद्देश्य अनुरुप यस कार्यक्रमको घोषणा गरिएको बताउनुभयो। सो क्लबका पूर्व अध्यक्ष सुवास सिग्देलले गण्डकी मोडकल कलेजबाट सम्बन्धित डाक्टर सहितको प्राविधिक टिमले यस भिआइए परिक्षणमा सहयोग गर्ने बताउनुभयो।

यस अभियानमा पोखरा महानगरपालिकाका विभिन्न वडा, पालिकासँगै विभिन्न जिल्ला संग सहकार्य र सहयोगको अपेक्षा गर्दै यो कार्यलाई अगाडी बढाउने र लक्ष्य भन्दा बढी संख्यामा भिआइए परिक्षण गर्ने योजना आयोजकको रहेको छ।

# वुमन्स च्यालेन्जर कप टि२० क्रीकेट प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा १० पुस

पोखरामा दोस्रो संस्करणको वुमन्स च्यालेन्जर कप टी२० क्रीकेट प्रतियोगिता सुरु भएको छ। कास्की जिल्ला क्रीकेट संघको आयोजनामा बुधबारबाट प्रतियोगिता सुरु भएको हो। पोखरा रंगशालास्थित क्रीकेट मैदानमा पहिलो दिन टिम अकला र टिम विन्ध्यवासिनीले जित हासिल गरेको छ।

प्रतियोगिताको उद्घाटन खेलमा टिम अकलाले टिम बाराही माथि १० विकेटको जित हासिल गर्‍यो। ९८ रनको विजयी लक्ष्या पाएको टिम अकलाले ९.४ ओभरमा पुरा गर्‍यो। ओपनर सिर्जना पौडेलले ३९ बलमा सर्वाधिक ४६ रनको योगदान दिइन। सुस्मिता श्रेष्ठले २ ९ बलमा १४ रन बनाउँदै अविजित रहिन्। त्यस अघि टस जितेर ब्याटिङ थालेको बाराहीले १९.१ ओभरमा ९७ बनाउँदा अलआउट हुन पुग्यो। बाराहीका लागि रिया तामाङले २६ बलमा २४ रन बनाउँदै नटआउट रहिन्। यस्तै रिया गुरुङले ११ रन जोडिन्। अकलाका लागि सिर्जना पौडेलले ३.१



ओभरमा १३ रन खर्चेर सर्वाधिक ४ विकेट लिइन्। सुशिला डिमडोङले १ विकेट लिइन्। सिर्जना खेलको प्लेयर अफ दी म्याच घोषित भइन्।

दोस्रो खेलमा विन्ध्यवासिनीले भद्रकालीलाई १ विकेटले हरायो। ८४ रनको विजयी लक्ष्य पाएको विन्ध्यवासिनीले १८.२ ओभरमा ९ विकेट गुमाउँदै जित हासिल गर्‍यो। खेलको प्लेयर अफ दी म्याच विन्ध्यवासिनीकी चन्द्रमाया बराल घोषित भइन्। उनले ४ विकेट लिइन भने ५ रन जोडिन।

त्यस अघि टस जितेर ब्याटिङ थालेको भद्रकालीले १९.२ ओभरमा ८३ रन बनाउँदै अलआउट हुन पुग्यो। उद्घाटन सत्रमा कास्की जिल्ला क्रीकेट संघका उपाध्यक्ष दिपेन्द्र चन्दले खेलाडीलाई आफ्नो खेल कौशल देखाउन आग्रह गरे। प्रधानमन्त्री कप महिला क्रीकेट प्रतियोगिता र दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि छनोट खेल समेत भएकाले छनोट हुने गरि प्रदर्शनी गर्न आग्रह गरे। उनका अनुसार प्रतियोगिता तीन दिनसम्म चल्ने छ।

कास्की जिल्ला स्तरीय छनोट भएका खेलाडीले प्रदेशको छनोट खेल्ने छ। राष्ट्रिय क्रीकेट टिमका लागि पहिलो खुड्किलो भएकाले मिहेनतका साथ खेल्न उनको जोड थियो। कार्यक्रम सञ्चालन संघका सदस्य कमल थापाले गरेका थिए। प्रतियोगितामा कुल चार टिमको सहभागिता रहेको छ। दुई दिन खुल्ला क्याम्प राखेर चार टिम बनाएको थापाले जानकारी दिए।

# ऐतिहासिक ...

राख्नुभयो। उहाँले राजनीतिक पार्टी फरक-फरक भए पनि आधारभूत विषय देश भक्ति र मुलुकको पूर्वाधार विकास रहेको जिकिर गर्नुभयो।

वरिष्ठ उपाध्यक्ष पोखरेलले नेपाल, भारत र चीनबीच घनिष्ठ र मैत्रीपूर्ण सम्बन्ध रहेको बताउँदै त्यसमा सबै संवेदनशील हुनुपर्नेमा जोड दिनुभयो। "हामी नेपालीबीच देशको प्रेम र देशभक्तिको भाव अत्यधिक छ", उहाँले भन्नुभयो, "राजनीतिक पार्टी फरक भए पनि नागरिकलाई प्राथमिकतामा राखी मुलुकको विकासमा सबै दल केन्द्रित छौँ। हामी दुई ठूला मुलुक भारत र चीनको बीचमा छौ, यो सम्बन्ध प्रगाढ बनाउन सबै संवेदनशील हुनु जरुरी छ।"

# गण्डकी अटो मेकानिकलमा क्षमता विकास तालिम

पोखरापत्र संवाददाता
पोखरा १० पुस

गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसनको आयोजनामा एक दिने नेतृत्व बिकास तथा क्षमता बिकास तालिम भएको छ।

एशोसिएसनको नवनिवार्चित पदाधिकारी, सदस्य, उपसमितिमा रहेका सदस्यहरुको क्षमता विकासका लागि तालिम आयोजना गरीएको एशोसिएसनका पूर्व अध्यक्ष एंव नेपाल अटो मेकानिकल व्यवसायी मंहासघका उपाध्यक्ष कुलबाहदुर नेपालीले बताए।

यसअघि तालिमको पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान वुद्धाचार्यले जीवनको भोगाई महत्वपूर्ण रहने हुँदा, सिप क्षमताको विकासमा



तालिमले योगदान दिने बताए।

महासंघका महासचिव शोभा गौतमले अनुभवले जिवनमा ब्यवसाय संचालनमा भूमिका रहने बताइन।

कार्यक्रममा प्रेस सल्लाहकार कृष्ण बहादुर थापा ,पूर्व अध्यक्ष सानुमान जलारी ,प्रशिक्षक एवं संस्था का मानर्थ सदस्य सुर्यप्रसाद ढकाल, अमृत शुवर्णकार, लगायतले तालिमका विषयवस्तु माथि प्रकास पारेका थिए। एशोसिएसनका अध्यक्ष विष्णुप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा बरिष्ठ उपाध्यक्ष नवराज सुनार महासचिव विजेन्द्र चौधरी ,सचिव सन्तोष कुमार, ताल नगरी साप्ताहिकका सम्पादक सूर्य सिकारु, कार्यलय प्रमुख प्रावती बराल लगायतले बोलेका थिए। प्रशिक्षणमा ४२ जनाको सहभागिता रहेको थियो।

# बीवाईडीको एमपीभी एम ६ पोखरामा सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा १० पुस

बहुचर्चीत विद्युतीय सवारी निर्माता कम्पनी बीवाईडीले पर्यटनको राजधानी पोखरामा एमपीभी एम ६ गाडी सार्वजनिक गरेको छ। पोखराको पाँमे फाँटमा सुरु भएको बिवाईडी वेलुन महोत्सवको अवसरमा उक्त गाडकीको सार्वजनिक गरिएको हो।

उक्त कम्पनीले देश भरका ग्राहकहरुलाई पोखरामा भेला गराई एक सातामा बुकिङ भएका १ सय वटा गाडी समेत ग्राहकहरुलाई चावी हस्तान्तरण गरेको छ। पोखरामा उक्त गाडीको मंगलबार र्‍याली समेत प्रर्दशनी गरिएको थियो। पोखराको बेलुन महोत्सव स्थल फेवाफाँट देखि खपैदी, लेकसाइड,न्यूरोड, महेन्द्रपुल, पृथ्बीचोक, पार्दी हुदै पोखरा होटल ग्राण्डसम्म उक्त र्‍याली प्रर्दशन गरिएको थियो।

बीवाईडीको नेपालका लागि आधिकारिक वितरक साइमेक्स



इंकले बीवाईडी एम ६ नेपालमै पहिलो पटक पोखरामा सार्वजनिक गरेसंगै उक्त गाडी खरिदमा सिमित समयको लागि १ लाख ५० हजार सम्म छुटको व्यबस्था गरेको छ। उक्त गाडीको प्रारम्भिक मुल्य ६० लाख १५ हजार रुपैयाँ रहेको साइमेक्स इंकका प्रबन्ध निर्देशक यमुना श्रेष्ठले बताउनु भयो। जलवायु परिवर्तनले गर्दा हाल कालोपत्थरको रुपमा देखिन लागेका हिमालहरु बचाउन पनि वातावरण मैत्रि गाडीहरुको विकल्पमा उक्त गाडी निकै उपयोग हुने उहाँको दाबी थियो। पर्यटन व्यवसायी, पारिवारिक र व्यापारिक परियोजनाको लागि उक्त गाडी निकै उपयोगी हुने निर्देशक श्रेष्ठको भनाई छ।

एक सय किलोवाट हाई-पर्फमेन्स इलेक्ट्रिक मोटर र ४४० किलोमिटर (डब्लुएलटीसी) सम्मको रेन्ज दिने भएकाले ड्राइभ र लङ रुटको यात्राका लागि प्रभावकारी रहेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत साहिल श्रेष्ठले बताउनु भयो। अत्याधुनिक सुविधा भएको ७ सिटे प्रिमियम गाडीमा प्यानोरामिक ग्लास रुफ र ५८० लिटर सम्मको फ्लेक्जिबल लगेज क्यापासिटी रहेको कम्पनीले जनाएको छ। व्यस्त दैनिकी भएकाहरुका लागि उपयुक्त रहेको यस गाडीमा एक सय १५ किलोवाटको फास्ट चार्जिङ सपोर्ट गर्ने र यसबाट ३७.४ मिनेटमै फुल चार्ज गर्न सकिने भएको छ। गाडीमा ६ एयरब्याग, एडेप्टिभ क्रुज कन्ट्रोल, लेन किपिङ असिस्ट र पार्किङ सेन्सर लगायतका एड्भान्स्ड सेफ्टी फिचर समेत रहेको अधिकृत श्रेष्ठले उल्लेख गर्नु भयो। १२.८ इन्चको रोटेटेबल इन्फोटेनमेन्ट डिस्प्ले, बीवाईडीको लेभल २ एडास टेक्नोलोजी, वायरलेस फोन चार्जिङ लगायतका सेवा गाडीमा रहेको उहाँले जनाउनु भयो। नेपालकै सबैभन्दा भर्सटाइल र इको-फ्रेन्ड्ली एमपीभी अविश्वसनीय मूल्यका साथ प्राप्त गर्न सकिएकाले पनि नेपाली बजारमा यस्को लोकप्रियता बढेको अधिकृत श्रेष्ठले दाबी गर्नु भयो। यही पुष १७ गतेसम्म पोखरामा संचालन हुने उक्त बेलुन महोत्सवमा बिवाईडीले मुख्य प्रायोजन गरेको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# क्रिसमसको रमझम बढ्दो

क्रिश्चियन धर्मका संस्थापक येशु ख्रीष्ट जन्मेको दिनको सम्झनामा बुधबार क्रिश्चियन समुदायका मानिसले क्रिसमस डे भव्य रुपमा मनाएका छन । आजभन्दा दुई हजार २५ वर्षअघि डिसेम्बर २५ तारिखका दिन येशु ख्रीष्टको जन्म इजरायलको वेथलेहेममा भएको थियो। पवित्र आत्माबाट गर्भवती भई कुमारी मरियमबाट जन्मिएका येशु ख्रीष्टले तीन मुख्य खुसियाली दिनुभएको ख्रिष्टियनहरु बताउने गर्छन। उनले मुक्ति, प्रेम र शान्ति दिनुभएको विश्वासमा क्रिश्चियन समुदायले क्रिसमस डे तीनवटै दिवसका रुपमा मनाउने गरेका छन्। मानिसलाई प्रेम गरेर आएकाले प्रेम दिवस, शान्ति स्थापना गर्न आएकाले शान्ति दिवस र मुक्ति दिन आएकाले मुक्ति दिवसका रुपमा सो दिनलाई मनाउने गरिएको छ। विश्वका धेरै मानिसले मनाउने क्रिसमस डे नेपालमा भने वि.सं २०६३ पछि महोत्सवका रुपमा मनाउन थालिएको हो।

नेपालमा लोकतान्त्रिक शासन व्यवस्था स्थापनापछि सबै धर्म, सम्प्रदाय, जातिले आ आफ्ना चाड पर्व मनाउन पाएका छन । धर्म निरपेक्ष राष्ट्र घोषणापछि क्रिश्चियन समुदायले फैलने मौका पाएको छ। आर्थिक प्रलोभनमा पारेर धर्म परिवर्तन गराउने गरेको आरोप पनि क्रिश्चियनमा लाग्ने गरेको छ। दिवसका अवसरमा विसं २०६३ देखि २०७४ सम्म सार्वजनिक बिदा दिइएको थियो । यस अवसरमा विसं २०७५ देखि २०७७ सम्म भने क्रिश्चियन धर्मावलम्बीलाई मात्र बिदा दिइएको थियो। विसं २०७८ देखि यस अवसरमा फेरि सबैलाई सार्वजनिक बिदा दिन थालिएको छ।

हाल नेपालमा ३५ लाख क्रिश्चियन धर्मावलम्बी रहेको क्रिश्चियन महासंघको दाबी छ । १५ हजारभन्दा बढी चर्च बनिसकेको पनि महासंघले बताउँदै आएको छ । नेपालमा क्रिश्चियनका १३ वटै सम्प्रदायका चर्च रहेको जनाइएको छ। महासंघ मूल समारोह समितिको आयोजनामा दिउँसो क्रिसमस महोत्सव २०८१ आयोजना गरिएको छ । नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादीमा आयोजना गरिएको कार्यक्रममा सरकारका प्रतिनिधिसहित सबै राजनीतिक दलका प्रतिनिधिको उपस्थिति रहेका थिए।

पछिल्लो समय मुख्य सहरका प्रमुख स्थलमा क्रिसमस ट्रि सजाउने गरेको देखिन्छ । विशेषगरी क्रिश्चियन समुदायका विदेशी पर्यटकलाई आकर्षित गर्न साजसज्जा गरिएको छ । पर्यटकीय राजधानी पोखरा, काठमाडौंको ठमेल, चितवनको सौराहालगायत स्थलमा क्रिसमसको रमझम बढी देखिएको छ। यी स्थानमा येशु ख्रीष्ट जन्मोत्सवका रुपमा क्रिसमस मनाइएका छन।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# इनर व्हील क्लब पोखराद्वारा विद्यार्थीहरुको आँखा जाँच सहित न्यानो कपडा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा १० पुस

इनर व्हील क्लब पोखराद्वारा बागलुङमा विद्यार्थीहरूलाइ आँखा जाँच सहित न्यानो कपडा बितरण गरिएको छ।

क्लबले बागलुङ नगरपालिका वडा न १४ स्थित जनता धन माध्यामिक विद्यालयका १० जना नेत्रहीन विद्यार्थीलाइ न्यानो कपडा बितरण सहित करिब २०० जना बिद्यार्थीको निशुल्क आँखा जाँच सम्पन्न गरेको हो।




कार्यक्रमका प्रमुख अतिथि बागलुङ नगरपालिका वडा न १४ का वडा अध्यक्षले क्लबलाई धन्यवाद ज्ञापन गर्दै परोपकारी कामलाई निरन्तरता दिन आग्रह गर्नुभयो। कार्यक्रममा जनता धन माध्यामिक बिद्यालयका बिद्यालय ब्यबस्थापन समिति अध्यक्ष सुरेन्द्र बहादुर थापा, दृष्टिबिहिन कल्याण संघ कास्कीका अध्यक्ष टेकमान प्रधानाङ्ग, नेपाल नेत्रज्योति संघ धौलागिरी अस्पतालका अध्यक्ष बिन्दु सागर राजभण्डारी सहितले मन्तव्य व्यक्त गर्नुभएको थियो । क्लबका अध्यक्ष रेश्मा बैधको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

# यस वर्षको लेखनाथ पत्रकारिता पुरस्कार ऋषिकान्तलाई

**पोखरापत्र संवाददाता**
पोखरा १० पुस

लेखनाथ पत्रकार मञ्चले पत्रकारिताबाट लेखनाथ क्षेत्रको उन्नयनमा योगदान पुर्‍याएका पत्रकारमध्ये प्रत्येक वर्ष १ जनालाई उक्त पुरस्कार प्रदान गर्दै आएकोमा यसपालि ऋषिकान्त पौडललाई पुरस्कार दिने निर्णय गरेको हो।

पुरस्कार राशि ११ हजार १ सय ११ रुपैयाँ नगद र सम्मानपत्र छ । पुरस्कार छनोट समितिमा लेखनाथ पत्रकार मञ्चका अध्यक्ष कविराज खनाल, सचिव विष्णुहरि पौडेल, लेखनाथ उद्योग वाणिज्य संघ अध्यक्ष विनोद श्रेष्ठ, पूर्व सम्मानित पत्रकार परशुराम शर्मा र स्थापनाकालिन अध्यक्ष भीमपाणि बराल रहेका थिए।

दुई दशक अघि गोल्डेन आइ टेलिभिजनबाट पत्रकारिता सुरु गरेका पौडेल हाल रेडियो नेपालमा आबद्ध छन्।



पौडेलले कान्तिपुर टेलिभिजन, एभि न्यूज टेलिभिजन, पोखरा हटलाईन राष्ट्रिय दैनिक, पोखरा टेलिभिजन लगाएत संचार संस्थामा आवद्ध भई समाचार संकलन तथा सम्पादनको माध्यमबाट लेखनाथ क्षेत्रको उनन्यनका लागि कार्यगरिसकेका उनी लेखनाथ पत्रकार मञ्चका संस्थापक सदस्य तथा सल्लाहकार समेत भइसकेका छन् । उनले पोखराका पहिलो पत्रकार स्व. जगन्नाथ सिग्देलको स्मृतिमा सन्चालित हिमदुत पत्रकारीता पुरस्कार, यातायात व्यवसायिक पत्रकारिता पुरस्कारका साथै विभिन्न सामाजिक संघ संस्थावाट पुरस्कार समेत पाइसकेका छन् पौडेल नेपाल पत्रकार महासंघका साधारण सदस्य तथा प्रेस युनियनका केन्द्रिय उपाध्यक्ष समेत हुन्। उनी पोखरा महानगरपालिका वडा नं. ३१, पचभैयाका स्थायी वासिन्दा हुन् । यसअघि सो पुरस्कारबाट मेघराज आचार्य, रामप्रसाद तिमिल्सेना, वसन्तराज अधिकारी, वासुदेव पौडेल, परशुराम शर्मा, भीमपाणि बराल, सरिता तिमिल्सेनारदीपकपरियारसम्मानित भइसकेका छन् । पुरस्कार १५ पुसमा कविशिरोमणि लेखनाथ पौड्यालको जन्मजयन्तीको मूल समारोह अर्घौ अर्चलेमा प्रदान गरिनेछ।

# तनहुँमा धान उत्पादन वृद्धि

**पोखरापत्र संवाददाता**
पोखरा १० पुस

तनहुँमा धान उत्पादन बढेको छ । गत कात्तिकमा परेको बेमौसमी पानीका कारण धानबालीमा क्षति भएपनि समग्र रुपमा जिल्लामा धान उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ।

केन्द्रका सूचना अधिकारी किरण परियारले आर्थिक वर्ष २०८१/८२ मा ३३ हजार दुई सय ९२ मेट्रिक टन धान उत्पादन भएको जानकारी दिनुभयो । गत वर्षको तुलनामा यो वर्ष चार हजार ५५ मेट्रिक टन धान उत्पादन वृद्धि भएको परियारको भनाइ छ। चालु आर्थिक वर्षमा आठ हजार एक सय २० हेक्टर क्षेत्रफलमा धान खेती गरिएको थियो । गत आर्थिक वर्ष २०८०/८१ मा सात हजार छ सय ६७ हेक्टर क्षेफलमा धान खेती गरिएकामा २९ हजार दुई सय ३७ मेट्रिक टन धान उत्पादन भएको थियो। परियारले भन्नुभयो, "गत कात्तिकमा वर्षाका कारण तनहुँका नौ वटा पालिकाका ४४ दशमलब ६२ हेक्टर क्षेत्रफलमा काटेर राखिएको धानमा क्षति पुगेको थियो । तर समग्रमा जिल्लामा धान उत्पादन वृद्धि भएको छ ।"तनहुँमा राधा, सावित्री रामधान, सुगन्ध मसिनो, अनदी, सुनौलो सुगन्ध, मकवानपुर, लगायतका धान खेती हुने गरेको केन्द्रले जनाएको छ। जिल्लाका तनहुँसुर, सेपाबगैंचा, कलेस्ती, पुर्कोट, गजरकोटको अत्रौली, आँबुखैरेनी, साँगे लगायतका क्षेत्रहरु धान खेतीका लागि प्रख्यात मानिन्छन् । जिल्लामा खेतीयोग्य जमिनको क्षेत्रफल ६५ हजार ६१ हेक्टर रहेको छ। तर ५१ हजार ५ सय १० क्षेत्रफलमा मात्रै विभिन्न खेती भइरहेको छ । १३ हजार पाँच सय ५१ हेक्टर खेतीयोय जमिन बाँझो छ। छ हजार तीन सय ४७ हेक्टर क्षेत्रफलमा बाह्रैमहिना सिचाइँको सुविधा पुगेको छ भने सात हजार दुई सय ३६ हेक्टर क्षेत्रफलमा मौसमी सिचाइँको सुविधा पुगेको छ।

# दुई जिल्ला जोड्ने सडक पाँच वर्षदेखि निर्माण रोकियो

**पोखरापत्र संवाददाता**
पोखरा १० पुस

बागलुङको मालढुङ्गादेखि गुल्मीको शान्तिपुर जोड्ने सडक निर्माण पाँच वर्षदेखि रोकिएको छ । निर्माण कम्पनीले काम नगरेपछि उक्त सडक निर्माण हुन नसकेको हो । विसं २०६६ मा ट्र्याक खुलेको सडक स्तरोन्नति गर्न विसं २०७६ मा ठेक्का लगाइएको थियो।

मालढुङ्गा-कुश्मीशेरा-बरेङ-शान्तिपुर सडकअन्तर्गत रुम्टा-राङ्खानी खण्डको १० किलोमिटर सडक निर्माण हुन नसकेको हो । सडक कालोपत्रका लागि पाँच वर्ष अगाडि क्याराभान एण्ड शर्मा जेभीले ठेक्का लिएको पूर्वाधार विकास कार्यालय बागलुङका सूचना अधिकारी दीपेश रिगलले जानकारी दिनुभयो । उहाँका अनुसार निर्माण कम्पनीले रु २८ करोड ५८ लाख ५७ हजार आठ सय १७ मा ठेक्का लागेको थियो। विसं २०७८ मा सम्पन्न गर्ने गरी जिम्मा लिए पनि चार पटकसम्म म्याद थप गर्दा करिब ५८ प्रतिशत मात्रै भौतिक प्रगति भएको कार्यालयले जनाएको छ। आगामी चैत मसान्तसम्मका लागि अन्तिम पटक म्याद थप गरे पनि फिल्डमा काम सुरु नभएको उहाँको भनाइ छ।

जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले निर्माण कम्पनीलाई बारम्बार काम गर्न आग्रह गरे पनि अटेर गरेको बताउनुभयो।

ट्र्याक खुलेको १५ वर्ष बित्न लाग्दासम्म सडक स्तरोन्नति नहुँदा दक्षिण बागलुङ र गुल्मीका हजारौं नागरिकले सास्ती खेप्नुपरेको उहाँको भनाइ छ। दैनिक सयौं यात्रुले यात्रा गर्ने सडक साँघुरो र अप्ठ्यारो हुँदा जोखिम मोलेर यात्रा गर्न बाध्य छन्।

# शुक्रबारदेखि पुन:बदली र वर्षा हुने

**रासस**
काठमाडौं, १० मंसिर

पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावले आगामी शुक्रबार रातिदेखि पुनः बदली र वर्षाको हुने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरका अनुसार हाल कायम रहेको पचिमी वायुसँगै पश्चिमी न्यूनचापीय प्रणालीको प्रभाव कायम रहेकाले बिहीबार र शुक्रबार मौसम सामान्यतया सफा रहे पनि शुक्रबारदेखि अर्को मौसमी प्रणाली भित्रिने भएकाले बदली र वर्षा हुनेछ । "आज र भोलि खासै वर्षाको सम्भावना छैन, आज राति कोसी र गण्डकी प्रदेशका पहाडी भेगमा हल्का हिमपात हुने देखिन्छ", उहाँले भन्नुभयो, "शुक्रबारदेखि प्रणाली भित्रिने भएकाले रातिबाट बादल लागेर शनिबार वर्षा हुने देखिन्छ।

देशैभर बदली रहे पनि वर्षा सुदूरपश्चिम, कर्णाली प्रदेशका थोरै स्थानमा वर्षा हुने पूर्वानुमान गरिएको छ ।" मौसमविद् मानन्धरले पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावले देशभर बदली गराउनुका साथै कतिपय स्थानमा वर्षा हुने उल्लेख गर्नुभयो। आइतबारबाट क्रमिक रुपमा मौसममा सुधार आउनेछ। पुसे झरी भएकाले चिसो क्रमशः बढ्दै जाने मौसमविद् मानन्धरको भनाइ छ । उहाँले भन्नुभयो, "मङ्गलबारको हल्का वर्षाले आकाश खुलेकाले न्यूनतम तापक्रम घटेको छ । घाम लागेपछि अधिकतम तापक्रम वृद्धि हुन्छ। पश्चिमी न्यूनचापीय प्रणाली बाहिरिएपछि न्यूनतम तापक्रम घटेर विहान र राति बढी चिसो हुनेगर्छ।"

महाशाखाको रेकर्डमा आज काठमाडौँको न्यूनतम तापक्रम ७ दशमलव ५ डिग्रिसेल्सियस र अधिकतम तापक्रम १६ देखि १८ डिग्री सेल्सियसकाबीच रहनेछ।

गत मङ्सिर २९ गते न्यूनतम तापक्रम घटेर २ दशमलव ५ डिग्रीसेल्सियस पुगेको थियो। आज आकाश खुलेकाले बिहीबार र शुक्रबार न्यूनतम तापक्रम घट्ने मौसमविद् मानन्धरले जानकारी दिनुभयो।

मौसम बद्ली हुँदा न्यूनतम तापक्रम नघटे पनि चिसो भइरहन्छ । घाम लागेपछि न्यूनतम तापक्रम घट्ने गरेको महाशाखाले उल्लेख गरेको छ। मौसमविद्को भनाइमा अङ्ग्रेजी जनवरी महिना सबैभन्दा चिसो महिना मानिन्छ। माघको दोस्रो र तेस्रो सातापछि दिन विस्तारै लम्बिने र तापक्रम पनि थोरै बढ्दै जान्छ। पुसे झरीले अझै जाडो बढ्ने जनाइन्छ । राति छिटफुट वर्षा भएर बिहान सामान्य बदली रहे पनि मध्याह्नतिर काठमाडौँको आकाशमा पारिलो घाम लागेकाले दिउँसो केही न्यानो महसुस गरिएको थियो।

# भव्यताका साथ मनाइयो 'क्रिसमस डे'

**रासस**
काठमाडौं, १० मंसिर

क्रिश्चियन धर्मका संस्थापक येशु ख्रीष्टको जन्मदिनको सम्झनामा बुधबार क्रिश्चियन समुदायले क्रिसमस डे भव्यताका साथ मनाएका छन् । विभिन्न चर्च र मण्डलीमा शुभकामना आदानप्रदान गरेर क्रिसमस डे मनाइएको हो।

उपत्यकाका भाटभटेनी सुपरमार्केट, सिभिल मल, सिटिसी मल, सिटी सेन्टर, काठमाडौँ मल, लविङ मल, आइप्लेक्स मल, पिपुल्स प्लाजा, विशालबजारलगायत क्षेत्रमा क्रिसमसको साजसज्जासहितका 'क्रिसमस ट्री' आकर्षण बनेको थियो। बालबालिकादेखि युवायुवती तस्बिर खिचाउन र सेल्फी लिन व्यस्त देखिन्थे।

बालबालिकालाई अभिभावकले सपिङ् मल तथा फनपार्क, चिल्ड्रेन पार्कलगायत स्थानमा लैजाँदा भीड बढेको थियो । ठाउँ-ठाउँमा साङ्गीतिक कार्यक्रम र जमघट भएको थियो। पर्यटकीय क्षेत्र ठमेल, दरबारमार्गलगायत गन्तव्यमा भीडभाड रह्यो। काठमाडौँ नजिकका नगरकोट, धुलिखेल, चन्द्रागिरि, लाकुरीभञ्ज्याङ आदी गन्तव्यमा पर्यटकको बाक्लो चहलपहल रहेको होटल सङ्घ नेपाल (हान)ले जनाएको छ। क्रिसमस इभमा ठमेलका होटलमा आन्तरिक र बाह्य पर्यटकको चहलपहल रहेको ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष सहदेव धमलाले बताउनुभयो। परिषद्को आयोजनामा कर्मचारी सञ्चयक कोष परिसरमा 'फुड फेष्टिभल' र सडक महोत्सव आयोजना गरिएको थियो । पर्यटकीय गन्तव्य र मुख्य चहलपहल हुने स्थानका रेष्टुरेन्टमा ग्राहकको ओइरो लागेको रेष्टुरेन्ट एन्ड बार एशोसिएशन अफ नेपाल (रेबान) ले जनाएको छ। आजभन्दा दुई हजार २५ वर्षअघि डिसेम्बर २५ तारिखका दिन येशु ख्रीष्टको जन्म इजरायलको वेथलेहेममा भएको थियो । पवित्र आत्माबाट गर्भवती भई कुमारी मरियमबाट जन्मनुभएका येशु ख्रीष्टले तीन मुख्य खुसियाली दिनुभएको विश्वास गरिने नेपाल ख्रिष्टियन महासङ्घले जनाएको छ । मुक्ति, प्रेम र शान्ति दिनुभएको विश्वासमा क्रिश्चियन समुदायले आजको दिनलाई तीनवटै दिवसका रुपमा मनाउने गरेका छन् । विश्वका धेरै मानिसले मनाउने क्रिसमस डे नेपालमा भने विसं २०६३ पछि महोत्सवका रुपमा मनाउन थालिएको हो।

हाल नेपालमा ३५ लाख क्रिश्चियन धर्मावलम्बी रहेको महासङ्घको दाबी छ। १५ हजारभन्दा बढी चर्च बनिसकेको पनि महासङ्घले जनाएको छ । महासङ्घ मूल समारोह समितिको आयोजनामा आज काठमाडौँमा क्रिसमस महोत्सव २०८१ आयोजना गरिएको थियो।


## पर्स हराएको सूचना

**मिति २०८१/०८/३० गते पोखरादेखि दाङ जाने रात्री बसमा नगद सहित जापानिज महत्वपूर्ण कागजपत्र हराएको हुदाँ फेला पार्नुहुने महानुभावले निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।**

**नामः रामचन्द्र सुनार**

**ठेगानाः पोखरा-१४, शुभकामनाटोल**

**सम्पर्कः ९७०७८२८१०३**

# कागतीखेतीबाट मनग्य आम्दानी गर्दै कृषक लामिछाने

हरिप्रसाद बाँस्तोला
पोखरा, १० पुस/रासस

भिरालो पाखोमा झाडी फाँडेर गरिएको कागती खेती एकजना कृषकका लागि राम्रो आम्दानीको स्रोत बनेको छ । पोखरा महानगरपालिका वडा नं ३१ स्याङखुदीस्थित खनास्वाराका कृषक टुकाराम लामिछानेले कागती बिक्रीबाट मनग्गे आम्दानी गर्दै आउनुभएको छ ।



जङ्गलमा परिणत भएको करिब २६ रोपनी जग्गामा छ वर्षअघि आफूले लगाएको 'सोना' पाँच सय र 'लेमन-ठूलो' जातका दुई सय गरी कूल सात सय कागतीका बिरूवा ठूला भई वार्षिक १० लाख रूपैँया आम्दानी हुनथालेकामा कृषक लामिछाने दङ्ग हुनुहुन्छ ।

कागती बिक्रीबाट यस वर्ष रू २० लाख आम्दानी हुने अपेक्षा गरेकामा गत चैत वर्षको १२ गते परेको असिनाका कारण क्षति पुगदा ६० क्विन्टल उत्पादन हुने अनुमान गरेकोमा ३० क्विन्टल मात्र कागती उत्पादन हुँदा सोचेअनुसार पैसा हात पार्न नसकिएको उहाँले बताउनुभयो ।

"उत्पादन भएको कागती बिक्री हुँदै न कि भन्नु पर्दैन," उहाँले भन्नुभयो, "कागतीको बोटमा बाह्रै महिना फल लाग्ने रहेछ, बजारमा अहिले प्रतिकेजी दुई सयदेखि दुईसय पचास रूपैँया सम्ममा बिक्री हुने गरेको छ, बाँझिएको जग्गामा कागती लगाएर राम्रै आम्दानी गर्न सफल भएको छु । हावापानी सुहाँउदो जग्गामा कागती लगाइ लाभान्वित हुन सबैसँग अनुरोध गर्दछु ।"

नेपाल सरकारको जागिर छोडेर सुरू गरेको व्यावसायीक कागती खेतीले राम्रो आम्दानी दिन थालेपछि बिहानदेखि साँझसम्म कागतीका बोटको स्याहारसुसार गर्नु दैनिकी बनेको बताउँदै ६३ वर्षीय कृषक लामिछानेले थप्नुभयो, "यतिखेरको बेमौसममा पनि दिनमा पचास किलो कागती उत्पादन हुने गरेको छ ।" बाँदरलगायत वन्यजन्तु र चराचुरूङ्गीले समेत नोक्सान नगर्ने, रोक कम लाग्ने, हेरचाहमा पनि धेरै समय खर्च गर्नु नपर्ने र बजार पनि राम्रो भएको कारण कागती खेतीमा भविष्य देखेको उहाँको भनाइ छ । विसं २०७५ साउन महिनामा धरानस्थित पाख्रीबासबाट दुई सय रूपैँयाका दरले खरिद गरेर ल्याएका बिरूवा साउन महिनामा रोपेको जानकारी दिँदै उहाँले भन्नुभयो, "चार वर्षमा उत्पादन दिन सुरू गरेका थिए, पहिलो वर्ष आठ लाख रूपैँया आम्दानी भयो र उत्पादनसहित आम्दानी बढ्नेक्रम जारी छ ।" चार मिटर फरक र एक मिटर गहिराइका खाल्टामा बिरूवा रोपेर सुरू गरेको कागती खेती गर्दा हालसम्म ८० लाख रूपैँया खर्च भएको उहाँले जानकारी दिनुभयो । कागती रासिलो भएका कारण बजारको माग पनि राम्रो छ । ज्ञान केन्द्र स्याङबाट ल्याई रोपिएका उन्नत जातका लेमनका दुई सय बिरूवामा अहिले कागती लटरम्म फलेका छन् । कृषक लामिछानेले भन्नुभयो, "रूखबाट झरेका फल पेलेर अघिल्लो साल ४८ माना अमिलो उत्पादन भएको थियो, कालो बाक्लो अमिलो प्रतिमाना रू एक हजार र पातलो झोल रू पाँच सय रूपैँयामा बिक्री गर्दै आछु, यस वर्ष पनि ३० माना जति अमिलो उत्पादन भइसकेको छ, झरेका कागतीबाट समेत आम्दानी गर्न सकिने रहेछ ।

बिरूवा रोपेको चार वर्षमै फल दिन सुरू गरेको कागतीको एउटै बोटबाट एक क्विन्टलसम्म उत्पादन भएको बताउँदै उहाँले बताउनुभयो । "अहिलेसम्म सम्बन्धित क्षेत्रका सरकारवाला पक्षबाट कुनै पनि किसिमको सर-सहयोग प्राप्त भएको छैन," उहाँले भन्नुभयो, "यतिखेर कागती बगैँचाको काँटछाट, गोडमेलको काम भइरहेको छ । दैनिक पाँच जनालाई ज्यालादारीमा काम लगाउँदै आएको छु । काम गर्ने कृषकलाई प्राविधिकसहित अन्य सहयोग उपलब्ध हुन्छ भन्ने सुनेको छु, खै कसले पाउँछन् थाहा छैन ।" पछिल्लो समय तातोपानी, चिया र खानामा कागती अत्यधिक प्रयोग हुने हुँदा बजारमा माग बढेको छ । कास्कीमै पहिलो व्यावसायिक कागती खेती सुरू गरेको दावी गर्ने लामिछानेले भन्नुभयो, "राज्यका तर्फबाट कृषकलाई आवश्यक सहयोग गरेर प्रेरित गर्ने हो भने कागतीलगायत फलफूल तथा तरकारीमा देश आत्मनिर्भर बन्न सक्छ ।" वेगनासतालको जलाधार क्षेत्रमा पर्ने उक्त कागती खेतीभित्र अन्तरबालीका रूपमा तरूल, अकबरे खुर्सानी, टिमुर, अमला, एभोकाडो, अम्बा, नास्पाती, सुन्तला, ज्यामिर, निबुवा, ठूलो बयर, रातो केराजस्ता विभिन्न जातका फलफूलका बोटबिरूवा फष्टाएका छन् ।

परीक्षणका लागि लगाएको एउटा स्याउको बिरूवाले फलदिन सुरू गरेको बताउँदै उहाँले भन्नुभयो, "यस वर्ष ५० देखि ६० वटा फलफलेका थिए सबै बाँदरले खाइदियो ।" लिफ्टिङ प्रविधिबाट बेगनासतालको पानी तानेर बगैँचामा सिँचाइको व्यवस्था गरेको बताउँदै कृषक लामिछानेले दुईसय मिटर पाइप विस्तारसहित तीन लाख रूपैँया खर्च भएको बताउनुभयो । युवाको रोजाइमा विदेश पर्ने र स्वदेशका अधिकांश जग्गा बाँझिने स्थितिको अन्त्यका लागि कृषि उत्पादन तथा उत्पादकत्वतर्फ राज्यको ध्यान जानुपर्ने स्थानीय कृषकको भनाइ छ ।

यसैगरी आयातित उपभोग्य वस्तु विस्थापित गर्ने र आत्मनिर्भर हुँदै स्वरोजगार सिर्जनामा समेत योगदान दिने फलफूल तथा तरकारी खेतीतर्फ आकर्षित गर्न स्थानीय सरकारले नीतिगत व्यवस्थासहित सहयोग गर्नुपर्ने स्थानीय किसानको सुझाव छ ।



स्याउको रुख काँटछाँट गर्दै किसान ः
स्याउको राजधानीको रुपमा परिचित मुस्ताङमा हिउँदेयाम सुरु भएसँगै स्याउको रुख काँटछाँट गर्न व्यस्त किसान। तस्बिरः सुशीलबाबु थकाली/रासस

# प्रतिभा माविमा कक्षा प्रतिनिधिका लागि प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा १० पुस

पालिखेचोकस्थित प्रतिभा माविले कक्षा प्रतिनिधिका लागि एकदिने नेतृत्व विकास तालिम दिएको छ । कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीमध्ये १ सय ६० जना कक्षा प्रतिनिधि (सिआर) का लागि यो कार्यक्रम आयोजना गरिएको हो ।



विद्यालयका प्राचार्य किरण सापकोटाका अनुसार कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन र होटल व्यवस्थापन विषयका विद्यार्थी मध्ये हरेक कक्षाबाट ४ जनाका दरले कक्षा प्रतिनिधि चयन गरिएको छ । तिनै विद्यार्थीका लागि नेतृत्व विकास तालिम दिइएको हो । 'विद्यार्थीमा अन्तरनिहीन क्षमता विकास गर्नका लागि यो प्रशिक्षण दिएका हौ । यसले कक्षा प्रतिनिधिहरुलाई जिम्मेवार बनाएको छ भने थप हौसला पनि प्रदान गरेको छ,' सापकोटाले भने । विद्यालय संचालक समितिका अध्यक्ष नारायण पौडेलले कार्यक्रमको उद्घाटन गरेका थिए । वरिष्ठ मनोपरामर्शदाता तथा उत्प्रेरणवक्ता रमण भट्टराईले उक्त तालिमका लागि सहजीकरण गरेका थिए । दोस्रो चरणमा प्राचार्य सापकोटाले विद्यार्थीको जिम्मेवारी र कर्तव्यबारे जानकारी दिलाएका थिए ।

वरिष्ठ मनोपरामर्शदाता भट्टराईले विद्यार्थीलाई यस्तो प्रकारको तालिमले कक्षा कोठामा थप जिम्मेवार बनाउने बताए । 'विद्यार्थीमा थप जिम्मेवारको अनुभव हुनेछ । कतिपय विद्यार्थीमा उपयुक्त ज्ञान नहुँदा कक्षा कोठाको नेतृत्व कसरी गर्ने भन्ने अन्योल हुने गरेको थियो । यस्तो तालिमले उनीहरुमा क्षमता विकास हुनेछ,' उनले भने ।

विद्यालय संचालक समितिका अध्यक्ष पौडेलले विद्यार्थीमा यस्तो प्रशिक्षणले आत्मबल बढ्ने बताए । 'कक्षा प्रतिनिधि भएपछि पनि के गर्ने वा नगर्ने भन्ने ज्ञान नहुन सक्छ । कक्षाकोठाको अनुशासन कायम गर्नेदेखि विद्यालय प्रशासनसमक्ष मध्यस्थता गर्ने काम प्रतिनिधिले गर्ने भएकोले उनीहरुलाई ज्ञानको आवश्यक पर्छ,' पौडेलले भने, 'अहिलेको सिकाईले विद्यार्थीमा भविश्यसम्म पनि सघाउ पुऱ्याउँछ ।' विद्यालयका संस्थापक राकेश जोशीले विद्यार्थीमा अन्तरनिहिन क्षमता विकास गर्नका वर्षेनी यस्तै कार्यक्रम गर्दै आएको बताए । उनले आगामि दिनमा पनि कक्षा प्रतिनिधिका लागि यस्ता प्रशिक्षण दिइने जानकारी दिए ।

# चिसो मौसममा 'मर्निङ वाक' सबेरैभन्दा अबेर उपयुक्त

प्रगति ढकाल
काठमाडौं, १० पुस/रासस

के तपाईंको एकाबिहानै 'वाक' गर्ने बानी छ । बिहान झिस्मिसेमै वाकका लागि निस्कने गर्नुभएको छ भने तालिका परिवर्तन गर्नुहोस् । किनभने चिसोयाममा पहिलो प्रहरमै वाकमा निस्कँदा स्वास्थ्यका लागि बढी हानी हुनसक्ने विज्ञहरुको भनाइ छ ।



गर्मीयामको तुलनामा चिसोयाममा हावामा प्रदूषणबढी हुन्छ । घाम नलाग्दासम्म चिसो हावा जमिनमै जमेको हुन्छ । त्यसैले एकाबिहानैको हावा बढी प्रदूषित हुने सम्भावना बढी हुने भएकाले विज्ञहरुले घाम लागेपछि मात्रै वाक गर्दा उपयुक्त हुने सुझाव दिएका छन् । चिसो हावामा धूलो, धुँवा र कार्बन कर्णलगायतका प्रदूषण तैरिन नसकी जमिनकै सतहमै रहेका हुन्छन् । वातावरणविद् भूषण तुलाधारले गर्मीयामको तुलनामा जाडोयाममा बिहान सामान्य अवस्थामा जमिनमा रहने चिसो हावा बढी प्रदूषित हुने गरेको बताउनुभयो ।

"जाडोयाममा बिहान सबैरैभन्दा पनि घाम लागेपछि नै बाहिर निस्कदा स्वास्थ्यका लागि राम्रो हुन्छ, घाम लागेपछि तातो हावा माथि जान थाल्छ र जमिनको हावामा प्रदूषण कम हुन्छ", उहाँले भन्नुभयो, "विषेशगरी रातको समयमा जमिनको सतह छिटो चिसो हुन्छ, चिसो हावा तत्कालै माथि जान सक्दैन, जसले गर्दा जमिनको हावा प्रदूषित भइरहेको हुन्छ ।"

तुलाधारका अनुसार काठमाडौँ जस्तो उपत्यकामा हावा बाहिर निस्किन अझ कठिन भएकाले पनि जाडोको समयमा प्रदूषण बढ्छ । सर्वसाधरणहरुले पनि चिसो मौसममा फोहोर जलाउने, घर तताउन तथा खाना पकाउन जैविक इन्धन (दाउरा, कोइला) र तरल पेट्रोलियम ग्यासको प्रयोग बढी गर्ने र ग्रामीण क्षेत्रमा अझैपनि परम्परागत दाउराको प्रयोग हुने गरेकाले प्रदूषण हुने गति तीव्र हुन्छ । "राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ५१ प्रतिशतले अझै दाउरा र तीन प्रतिशतले गुइठा बाल्छन् । घरभित्रको प्रदूषणबाट महिला तथा बालबालिका बढी प्रभावित भइरहेका छन्", तुलाधारले भन्नुभयो, "नेपालमा वार्षिक ४८ हजार पाँचसयको मृत्यु वायु प्रदूषणबाट हुने गरेको पछिल्लो अध्ययनले देखाएको छ ।" सहरमा सवारी साधनहरूको इन्धन दहनको क्षमता जाडोयाममा घट्ने र यसले बढी कार्बन मोनोअक्साइड र नाइट्रोजन अक्साइड उत्सर्जित गर्दा पनि प्रदूषण बढ्ने विज्ञहरुको भनाइ छ । "जाडोको समयमा ग्रामीण क्षेत्रमा पराल र अन्य जैविक फोहोर जलाइन्छ । आगो ताप्नका लागि पनि प्लास्टिक तथा अन्य वस्तुहरु बालिन्छ, यसले वायुमण्डलमा सूक्ष्म कणहरु अन्य हानिकारक ग्यासहरू बढाउँछ", तुलाधारले भन्नुभयो, "ईँटाभट्टा, ऊर्जा उत्पादन गर्ने कोइलाजन्य उद्योग, र सिमेन्ट उद्योगहरूले जाडोयाममा उत्पादन कायम राख्छन् । धुवाँ र प्रदूषक उत्सर्जन बढ्ने भएकाले जाडोयाममा प्रदूषण तीव्र हुन्छ । अझै माघ महिनापछि इट्टा उद्योग सञ्चालनमा आउनाले प्रदूषण झनै बढ्छ ।"

वातावरण अभियन्ता वर्षा पराजुलीले जाडोमा बिहानको समयमा बढी चिसो हुने र बढी तुवाँलोका कारण प्रदूषणका कणहरु जमिनकै सतहमा रहँदा वातावरण थप प्रदूषित हुने गरेको बताउनुभयो । जलवायुविद् मञ्जित ढकालले प्रदूषणको स्रोत नै सवारी साधनबाट निस्कने धुँवा भएको उल्लेख गर्दै समस्या समाधान गर्न सके जलवायु परिवर्तनको कारक तत्वका रुपमा रहेको कार्बन उत्सर्जन न्यूनीकरणमा सहयोग पुग्ने बताउनुभयो ।

**मुटुरोगीलाई बढी असर**

मुटुरोगी विशेषज्ञ डा रञ्जित शर्मा जाडोयाममा घाम लाग्नुअघि बढी प्रदूषण हुने भएकाले यसबाट मुटुरोगीलाई बढी असर गर्ने बताउनुहुन्छ । "प्रदूषणले जुनसुकै बेलामा पनि असर गर्ने भयो, तर बिहानको समयमा बढी असर गर्नसक्छ, विशेष गरी मुटुसम्बन्धी रोगीहरु घरबाहिर निस्कँदा विशेष ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो । मुटु, रक्तचाप, मधुमेह, उच्च कोलस्ट्रोल, दीर्घरोगी, दमबाट पीडितले सकेसम्म बिहान अबेर मात्रै व्यायाम गर्नुपर्ने उहाँको सुझाव छ । उहाँका अनुसार जाडो याममा शरीरमा विभिन्न किसिमका हर्मोनको मात्रा वृद्धि हुने भएकाले रगतको भिस्कोसिटी (बाक्लोपना) बढ्ने र रक्तनली खुम्चने हुन्छ । यसले रक्तप्रवाह असामान्य भई मुटुमा अक्सिजनको कमी हुनसक्छ । मुटुले सामान्य अवस्थामाभन्दा बढी काम गर्नुपर्छ, जसले रक्तनलीमा रगत जमेर हृदयघात र मस्तिष्कघात समेत हुनसक्ने डा शर्माको भनाइ छ । "चिसोमा बाहिर निस्कनुपर्दा पर्दा बाक्लो लुगा लगाउने, मास्क लगाउने गरौं, सकेसम्म घाम लागेपछि मात्रै घरबाहिर निक्कदा उपयुक्त हुन्छ", उहाँले भन्नुभयो ।

जनस्वास्थ्यविद् डा समिर अधिकारीले बढ्दो वायु प्रदूषणले मानिसको श्वासप्रश्वासमा समस्या आउने, रुघाखोकी लाग्ने, दम बढाउने, फोक्सोको क्यान्सर, उच्च रक्तचाप, पक्षघात, हृदयघात जस्ता स्वस्थ्यमा गम्भीर असर गर्ने भएकाले सतर्कता अपनाउन सुझाव दिनुहुन्छ ।

# पोखरा महोत्सवमा विभिन्न प्रायोजकहरु आउने क्रम जारी

पोखरापत्र संवाददाता
पोखरा १० पुस

आगामी पुषको २५ देखि माघको ७ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने १३ औं संस्करणको पोखरा महोत्सवमा प्रायोजकहरु आउने क्रम जारी रहेको छ ।

महोत्सव आयोजक युनाईटेड क्लब पोखरा र भिजन लिंक एजुकेशन कन्सल्टेन्सी प्रालि बिच महोत्सवमा राखिने स्टलमा भर्ना हुने विद्यार्थीहरु मध्येबाट गोलाप्रथाको माध्यमबाट दैनिक एकजनालाई निशुल्क भाषा कक्षाको अवसर सँगै महोत्सव अवधिभर भाषा कक्षामा ४० प्रतिशत सम्म छुटगरी महोत्सव आयोजक युनाईटेड क्लब र भिजन लिंक एजुकेशन कन्सल्टेन्सी प्रालिका संचालक पूर्ण कुमार श्रेष्ठ बीच पोखरा महोत्सवको प्रायोजकमा रही सहकार्य गर्ने गरि सम्झौता भएको हो । सो अवसरमा वोल्दे भिजन लिंक एजुकेशन कन्सल्टेन्सीका सञ्चालक पूर्ण कुमार श्रेष्ठले पोखरा महोत्सव संग सहकार्य गर्न पाउदा खुसी लागेको बताए । पोखराको अमरसिंहमा रहेको भिजन लिंक एजुकेशन कन्सल्टेन्सीबाट विदेश अध्ययनका लागि युके, युएसए, क्यानडा, जापान, कोरिया, युरोप, दुबईका लागि काम गर्दै आइरहेको बताउदै हाल उक्त कन्सल्टेन्सीमा जापानिज, कोरियन, जर्मन भाषा सँगै आइएलटीएस र पीटीइका कक्षाहरु सञ्चालन हुदै आएको र जापानका लागि विद्यार्थी भिषा, ट्रेनिङ भिषा, एसएसडब्लू वर्किङ भिषा, ब्याचलर पास वर्किङ भिषाका लागि एन फाइब, एन फोर र स्कील कक्षाहरु समेत सञ्चालन समेत भइरहेको र अध्ययन गर्न चाहनेहरुका लागि दैनिक २ देखि ५ घण्टा सम्म कक्षाहरु चलिरहेको सञ्चालक श्रेष्ठले बताए ।

# तेन्जिङ नोर्गे शेर्पा खुला आरोहण प्रतियोगिता हुँदै

रासस
काठमाडौं १० पुस

तेन्जिङ नोर्गे शेर्पा खुला आरोहण प्रतियोगिताको दोस्रो संस्करण आगामी माग १६ र १७ गते हुने भएको छ ।

पर्वतारोहण खेलको प्रवर्द्धन गर्ने उद्देश्यले युएस नेपाल क्लाइम्बर एशोसिएसन र नेपाल नेशनल माउण्टेन गाइड एशोसिएसनको संयुक्त आयोजनामा प्रतियोगिता हुन लागेको बुधबारयहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । युएस नेपाल क्लाइम्बर एशोसिएसनका संस्थापक अध्यक्ष जाङ्बु शेर्पाले पर्वतारोहण खेलको प्रवर्द्धन गर्ने उद्देश्यसहित तेन्जिङनोर्गेशेर्पाकानाममा उक्त प्रतियोगिता गर्न लागिएको बताउनुभयो । अध्यक्ष शेर्पाले अमेरिकामा पनि टप रोप एडिसन आयोजना गर्दै आएकाले नेपालमा दोस्रो एडिसनको प्रतियोगिताले साहसिक पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो । क्वली राउन्डका लागि उपयुक्त ठाउँ छिट्टै सार्वजनिक गर्ने र सेमिफाइनल र फाइनल बौद्धस्थित क्रिम्पाञ्जी एडभेञ्चर केन्द्रमा गरिने आयोजकले जनाएको छ । उक्त प्रतियोगिता दुई चरणमा हुनेछन् । पहिलो दिन क्वली राउन्ड र दोस्रो दिन सेमिफाइनल र फाइनल गरिनेछ । सो प्रतियोगितामा १२ वर्षभन्दा माथिकाले सहभागिता जनाउन सक्नेछन् । कार्यक्रमले प्रतिस्पर्धा मात्र नभई आरोहण संस्कृति, सौहार्दता र तेन्जिङ नोर्गे शेर्पाको अटल भावनाको उत्सवको पनि प्रतिज्ञा गरिएको नेपाल नेशनल माउन्टेन गाइड एशोसिएसनका महासचिव पिम्बा तेन्जिङ लामाले बताउनुभयो ।

प्रतियोगितामा पुरूष र महिलाबीच छुट्टाछुट्टै प्रतिस्पर्धा हुनेछ । पहिलो, दोस्रो र तेस्रो हुनेलाई नगद पुरस्कार प्रदान गरिनेछ । यसपटकको प्रतियोगितामा पुरूषतर्फबाट ४० देखि ४५ र महिलातर्फबाट २० देखि २५ जनाले सहभागिता जनाउनेछन् । त्यसैगरी पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्ने महिला/पुरूषलाई क्रमशः ४५ हजार, ३५ हजार र १५ हजार रूपैयाँ पुरस्कार प्रदान गरिने जनाइएको छ ।